# नेपाली सामुदायिक भवन आयोजना निर्माणार्थ अधिकारपत्र

नेपाली सामुदायिक भवन विधिवत निर्माण गर्न सहयोग पुगोस भन्ने प्रयोजन का निमित्त यो दस्तावेजको सृजना गरिएको छ। यस दस्तावेजले सामुदायिक भवन निर्माण गर्नु को उदेश्यहरु, छोटो समय/लामो समयको लक्ष्यहरु, आयोजना को सम्भाव्यता, संकट/चुनौती पहिचान, आयोजना को जीवन्तता, आर्थिक पक्ष्यको कार्यन्वयन, समुदायमा गइ कोष उठाउन सक्ने क्षेत्रीय संयोजक र विज्ञको पहिचान आदि बस्तुगत कुराहरु मा प्रकाश पार्दछ ।

## उदेश्यहरु:

१. नेपाली गौरव र एकता को प्रतिक झल्काउन |

२. नेपाली सस्कृति र परम्परा को जगेर्ना गर्न |
  - सामुदायिक भवनको माध्यम बाट नेपाल को इतिहास, संस्कृति, परम्परा बारेमा अध्यन गर्न सकिने छ।
  - नेपाल मा मनाइने मुख्य चाडबाड हरु आयोजना गर्न सकिने छ ।

३. नेपाली धरोहर को प्रोत्साहन गर्न |
  - नेपाली भाषा तथा साहित्यका कक्षाहरु, नेपाली लोक नृत्य, संगीतका कक्षा हरु संचालन गर्न सकिने छ ।

४. मन्दिर/गुम्बा हरु लाइ धार्मिक अनुष्ठान संचालन गर्न भवन उपलब्ध गर्न ।
  - अन्नप्रासन
  - इहि/ गुन्यो चोलो/ छेवर/ उपनयन (ब्रतबन्ध)
  - विवाह, दशैं, तिहार, म्ह पूजा, ल्होसार, तीज इत्यादी

५. समुदायका सदस्य हरुको लागि ज्ञानबर्द्धक कार्यक्रम गर्न।
  - प्रतिकुल मौसम मा पनि सामुदायिक भवन भित्र गर्न सकिने खेलकुद हरु संचालन गर्न सकिने छ ।
  - रक्त दान, स्वास्थ्य सिविर, स्वास्थ्य विमा जस्ता क्रियाकलाप हरु संचालन गर्न सकिने छ ।
  - प्रविधि, कर, स्वास्थ्य, हस्तकला, ब्यापारिक प्रदर्शनी तथा तालिम गर्न सकिने छ ।

६. रोजगारीका अवसर हरु सृजना गर्न।
  - कार्यालय सहयोगी, दिवा बच्चा हेर्ने व्यक्ति ।
  - नेपाली/अंग्रेजी भाषाका कक्षा हरु, सुझाब अधिवेसन दिने सम्बन्धि स्वयंसेबक अवसर हरुको सृजना गर्न सकिने छ ।

## सामुदायिक भवन मेरो लागि के के कुरा मा कसरी उपयोगी हुन सक्छ? केहि तथ्य हरु यस प्रकार छन ।

१. ब्यवशायीको रुपमा, मैले आफ्नो बिज्ञापन हरु समुदायमा सम्प्रेषण गर्न सक्छु ।
२. वाशिंगटन राज्य को नागरिक भएको हैसियत मा मैले आफ्नो घर मा हुने कार्यक्रमहरु (ब्रतबन्ध, बार्सिकोत्सव) गर्न सक्छु ।
३. आफ्नो कुनै पेशामा विज्ञको रुपमा म आफ्नो समुदायमा ज्ञानवर्दक तालिम हरु दिन सक्छु ।
४. हाइ स्कुल जाने बच्चा घर मा छन् भने उनि हरु को लागि उपयुक्त कालेज को छनौटमा परामर्श अथवा अरु संग-

संस्था मा स्वयमसेवा गर्न सकिने जानकारी उपलब्ध गराउन सक्नेछु |

५. आफ्ना साना बच्चा छन् भने सोहि उमेर समूहका अन्य बच्चा संग खेल खेलौना, नेपाली भाषा को कक्षा तथा अन्य साँस्कृतिक कार्यक्रम हरु मा लग्न सक्छु |
६. अवकास प्राप्त जीवनमा अरु साथीभाई हरु संग गर्न सकिने समूहगत कार्य हरु योग, खेलहरु मा सहभागी भएर सक्रिय जीवन पद्दति जिउन सक्छु |
७. आफ्ना अन्य रुचि हरु जस्तै संगीत, नृत्य, साहित्य हरु छन् भने अरु त्यस्तै रुचि भएका मानिसहरु संग पुरा गर्न सक्छु|

## विषय बस्तु बिज्ञ/ बिज्ञको क्षेत्र हरु :

१. कानुनी सल्लाहकार
२. सिविल इन्जिनियर
३. आर्किटेक्ट
४. घर जग्गा ब्यवशायी
५. अर्थशास्त्री
६. आयोजना प्रबन्धक
७. शहर/ राज्य मा गएर कुरा राख्न सक्ने व्यक्ति

सरोकारवाला हरु को नाम: कृपया परिशिष्ट 'डि' हेर्नु होला |

## कानुनी मान्यताहरु

१. यो सामुदायिक भवन को स्वामित्व, कोष संचालन नेपाल सियाटल समाज ले गर्नेछ र कुनै कानुनी समस्या आइपरेको खण्ड मा संस्था को हैसियत मा प्रतिनिधित्व गर्दछ |
२. यो सामुदायिक भवन स्वतन्त्र समिति बाट संचालन हुन सक्नेछ जसले यसको स्वामित्व अनि प्रबन्धहरु गर्ने छ |
३. भवन को समहार, कार्यतालिका अनि सम्बन्धित कार्य को लागि कुनै कुसल व्यवस्थापक संस्था नियुक्ति दिन पनि सकिने छ |

## घर जग्गा सम्बंदी सर्तहरु

१. समुदायको आबश्यकता बमोजिम भवन विस्तार गर्नु परेमा जग्गा को चयन गर्दा प्रयाप्त जग्गा भएको ठाउँ लाइ प्राथमिकता मा राखिनेछ |
२. आशातित आबश्यकताहरु (अरु सामुदायिक भवनहरु को दाजो मा)
    - एउटा ब्ययामशाला/ सभा मण्डप/ सार्बजनिक कोठा जसमा कम्तिमा पनि ३०० मानिसहरु लाइ आटाउन सकियोस | (यो संख्या भन्दा बढी अतिथि हरु अटाउनु परेमा अरु कुनै भवन भाडामा लिनु पर्नेछ)
    - धेरै भन्दा धेरै सवारी पार्किंग गर्न सकियोस |
    - आफ्नो जग्गा मा मन्दिर र गुम्बा निर्माण गर्न सकियोस |
    - ठिक्कको सामुदायिक चमेना घर होस |
    - दैनिक प्रयोजन को लागि कार्यालय कक्षा होस |

- महिला/पुरुष दुइ शौचालय अनि एउटा अतिरिक्त कोठा होस |
- सामुदायिक भण्डारण कोठा होस|

३. स्थानीय शहर हरु बाट प्राप्त गर्न सकिने सहयोग लाइ मध्यनजर गरेर उत्तर र दक्षिण साउण्ड  बीच मा पायक पर्ने गरि जग्गा को चयन गरिनेछ |

४. सामुदायिक भवन बिबिध प्रयोजन को निमित प्रयोग हुनेछ | भवन आर्थिक तवरमा सबल होस भन्न को लागि घर-बहाल नमूना अबलम्बन गरिनेछ |

## आर्थिक शर्तहरु / अनुमानहरु

१. आर्थिक लक्ष्य : २० लाख डलर ५ बर्षमा

२. दुइ चरणमा रकम संकलन गरिनेछ |

पहिलो चरण [बर्ष १ ]: लक्ष्य $७००,०००

दोस्रो चरण [बर्ष २-५] : लक्ष्य: $१,३००,०००

३. हाल बिनियोजन गरिएको रकम (नेपाल सियाटल समाज): $३०,०००

४. **विभिन्न तहहरु मा गरिएको रकमको संरचना** :

| CONTRIBUTOR CATEGORY | | PHASE 1 | | PHASE 2 | | | | Total |
|---|---|---|---|---|---|---|---|---|
| | | Year 1 | | Year 2 | | Year 3 | | |
| | *Amount per contributor* | *#* | *Amount* | *#* | *Amount* | *#* | *Amount* | |
| Silver ($1k to $2K) | $1,000 | 100 | $100,000 | 75 | $75,000 | 5 | $5,000 | **$180,000** |
| | $2,000 | 75 | $150,000 | 25 | $50,000 | 4 | $8,000 | **$208,000** |
| Gold ($2k to $5K) | $3,000 | 25 | $75,000 | 25 | $75,000 | 3 | $9,000 | **$159,000** |
| | $4,000 | 20 | $80,000 | 15 | $60,000 | 2 | $8,000 | **$148,000** |
| Platinum ($5K+) | $5,000 | 20 | $100,000 | 15 | $75,000 | 2 | $10,000 | **$185,000** |
| Less than $5K | | | $50,000 | | $50,000 | | $20,000 | **$120,000** |
| **Total** | | **240** | **$555,000** | **155** | **$385,000** | **16** | **$60,000** | **$1,000,000** |

- आयोजना को पारदर्शिता कायम गर्न को निमित्त प्रत्येक तिन महिनाको समयमा आयोजना को अवस्था अनि आर्थिक प्रगति विवरण समुदायका सदस्यहरु, दाताहरु माझमा सम्प्रेषण गरिनेछ|

कृपया  परिशिष्ट 'ए' मा श्रोत को विवरण हेर्नु होस |

**६. अन्य कोष वृद्धि आय का श्रोतहरु:**

- देउसी भैलो कार्यक्रम
- दोहरी प्रतियोगिता
- सेलरोटी कार्यक्रम
- लिलामी
- दान गरिएको रकम दाता काम गर्ने संस्था बाट त्यत्तिकै रकम बराबर रकम उपलब्ध
- संघिय/राज्य/ अन्य गैर-नाफा दान

कृपया परिशिष्ट 'सी' मा हेर्नु होस ।

**७. भवन निर्माण सम्पन्न भएपछि हुन सक्ने सम्भावित आय/व्यय (अनुमानित):**

| Cash Flow Projections (Assumptions) | Assumptions | Total |
|---|---|---|
| **Inflow** | | |
| Venue Rent | $700/event; 25 events/year | $17,500 |
| Net Earnings from NSS Events | $2000/event; 10 events/year | $20,000 |
| Charitable contributions | $20,000 per year | $20,000 |
| **Total Inflow** | | **$57,500** |
| **Outflow** | | |
| Insurance | $200/month | $2,400 |
| Liability Insurance | $200/month | $2,400 |
| Salary + Receptionist (Designated caretaker) | $1800/month | $21,600 |
| Utilities (Water, electricity, waste, sewerage) | $600/month | $7,200 |
| Common Area Maintenance | $200/month | $2,400 |
| Other Necessities | $200/month | $2,400 |
| Repairs | $2000/year | $2,000 |
| **Total Outflow** | | **$40,000** |
| **Net Cashflow** | | **$17,100** |

कृपया परिशिष्ट 'बि' मा हेर्नु होस

## थप  कोसेढुंगाहरु :

| कार्य हरु | गरिसक्नु पर्ने मिति | टिप्पणी हरु |
|---|---|---|
| समुदाय बाट सुझाब संकलन | फेब्रुअरी १८, २०१८ | टाउनहल मा गरिने बैठक बाट सुझाब हरु को संकलन |
| क्षेत्रीय संयोजक को पहिचान | फेब्रुअरी १८, २०१८ | नाम हरु को सुची बनाउनु पूर्व सूचना को संकलन अनि मुल्यांकन |
| आगामी बैठक | फेब्रुअरी १८, २०१८ | स्थान: बोर्ड भिउ पुस्तकालय दिन को १.०० बजे |
| सुझाब संकलन गरेपछि मुख्य दस्ताबेजको तयार तथा वितरण | फेब्रुअरी २५, २०१८ | नेपाल सियाटल समाज को वेब साइट मा प्रकासन |
| अर्थ संकलन समिति र बिज्ञ  हरुको निक्र्योल | निर्धारण मिति पछि तय गरिने | निर्धारण मिति पछि तय गरिने |
| अर्थ संकलन कार्यशाला | निर्धारण मिति पछि तय गरिने | निर्धारण मिति पछि तय गरिने |
| अर्थ संकलन को सुरुवात | निर्धारण मिति पछि तय गरिने | निर्धारण मिति पछि तय गरिने |

**परिशिष्ट:**
ए. अर्थ संकलन को मार्गचित्र
बि. दिगोपन योजना
सि. कोष संकलन सम्बन्धित बिचारहरु
डि. सम्बन्धित सबै व्यक्ति, निकाय हरु को नामावली
इ. प्रतिक्रिया फारम
एफ. प्रतिज्ञा पत्र